**अनुसूची – ४**

# नेपाल राष्ट्र बैंक उपदान तथा पेन्सन कोषको रकम मुद्दती निक्षेपमा लगानी सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक उपदान तथा पेन्सन कोषमा रहेको रकम लगानी गर्नु परेकोले यस बैंकबाट इजाजत पत्र प्राप्त देहाय बमोजिमका शर्तहरु पूरा गरेका बैंक तथा वित्तीय संस्थाबाट देहाय बमोजिमको सीमाभित्र रही आफूले मुद्दती निक्षेपमा लिन चाहेको रकम तथा उक्त रकम लिनका लागि प्रस्ताव गरिएको ब्याजदर समेत यस बैंकले तोकेको फारम (अनुसूची- ५) भरी उक्त फारमलाई **pdf format** मा **Scan गरी password protected** गरेर कुल लगानी योग्य रकम मध्ये मिति २०८०/१०/०५ गतेदेखि मिति २०८१/१०/०५ सम्म ३६६ दिनको मुद्दती निक्षेपको रुपमा लिन चाहेको रकम खोली यस बैंकमा मिति २०८०/०९/१९ देखि मिति २०८०/०९/२२ बेलुका ७:०० बजेभित्र **fmdbid@nrb.org.np** मा प्राप्त हुने गरी ब्याजदर प्रस्ताव गर्न आह्वान गरिएको छ । साथै उक्त **Password Protected File को Password** मिति २०८०/०९/२३ गते बिहान १० बजे देखि बेलुका ७:०० बजे भित्र **fmdbid@nrb.org.np** मा जानकारी गराउन समेत अनुरोध छ ।

| बैंक तथा वित्तीय संस्था | रकम रु. |
|---|---|
| "ग" वर्गका राष्ट्रिय स्तरका वित्त कम्पनीमा | १२२,०००,०००।०० |
| "ख" वर्गका राष्ट्रिय स्तरका विकास बैंकमा | ३६६,०००,०००।०० |
| "क" वर्गका वाणिज्य बैंकमा | १,९५२,०००,०००।०० |
| लगानी योग्य कुल रकम | **२,४४०,०००,०००।००** |
| **अक्षरेपि दुई अर्ब चौवालिस करोड मात्र ।** | |

## शर्तहरु :

क) बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तिमा २ वर्ष पूरा गरेको ।

ख) बैंकबाट तोकिएको न्यूनतम पुँजीकोष अनुपात कायम रहेको ।

ग) निष्कृय कर्जा कुल कर्जा सापटीको ५ प्रतिशत भन्दा कम रहेको ।

घ) खुद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तीमा २० प्रतिशत वा सो भन्दा बढी रहेको ।

ङ) कर्जा/निक्षेप अनूपात (Credit Deposit Ratio - CD Ratio) अनुपात बैंकले समय समयमा निर्धारण गरेको सीमा भित्र रहेको ।

च) निकटतम अघिल्लो आर्थिक वर्षमा सञ्चालन मुनाफामा रहेको ।

छ) रियल स्टेट कर्जा बैंकबाट तोकिएको सीमा भन्दा बढी नभएको ।

ज) लगानी गरिने संस्थाको कुनै पनि सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतलाई बैंकले जरिवाना गरेको अवस्थामा त्यस्तो जरिवाना गरिएका सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत उक्त संस्थामा कायम नरहेको । यदि, कायम नै रहेको अवस्था रहेमा जरिवाना भुक्तान गरेको मितिले ६ महिना समय अवधि पूरा भएको ।

झ) शीघ्र सुधारात्मक कारवाहीमा परेको भए, फुकुवा भएको कम्तिमा ६ महिना पूरा भएको ।

ञ) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिमको कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको । समस्याग्रस्त घोषणा भएमा सो फुकुवा भएको ६ महिना अवधि पूरा भएको ।

ट) सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरिसकेको ।

ठ) प्रस्ताव गरेको ब्याजदर माथि उल्लिखित लगानी गरिने मितिसम्म मान्य हुनेछ । त्यस बैंक/विकास बैंक/वित्तीय संस्थाको ब्याजदर परिवर्तन सम्बन्धी सार्वजनिक सूचनाले प्रस्तावित ब्याजदरलाई कुनै असर पारेको मानिने छैन ।

ड) प्रस्ताव पेश गर्दा mail को subject मा **"NRB Pension Fund File_bankcode"** भनी उल्लेख गर्नु पर्नेछ । साथै **Password पठाउँदा** mail को subject मा **"NRB Pension Fund Password_bankcode"** भनी उल्लेख गर्नु पर्नेछ ।

ढ) प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा **Password Protected File** हुनु पर्नेछ । **Password** नराखेको प्रस्तावलाई मान्यता दिइने छैन ।

ण) रकम र ब्याजदर फरक पर्ने गरी प्रस्तावकले एक पटक भन्दा बढी प्रस्ताव गरेमा उक्त बैंक तथा वित्तीय संस्थाले पेश गरेको सबै प्रस्तावहरु रद्द गरिने छ । तर एउटै प्रस्ताव एक पटक भन्दा बढी प्राप्त भएमा उक्त प्रस्तावलाई मान्यता दिइने छ ।

त) तोकिएको मिति र समय भित्र **Password Protected File** पेश गर्नु पर्नेछ । तोकिएको मिति र समय पश्चात् प्राप्त हुने प्रस्तावलाई मान्यता दिइने छैन ।

थ) तोकिएको मिति र समय भित्र उक्त **File** को **Password** पेश गर्नु पर्नेछ । तोकिएको मिति र समय अगाडि वा पछाडि पेश गरेको **Password** लाई मान्यता दिइने छैन र उक्त प्रस्तावलाई रद्द गरिने छ ।

NEPAL RASTRA BANK RETIREMENT FUND

मिति : २०८०/०९/१९

नेपाल राष्ट्र बैंक
वित्त व्यवस्थापन विभाग
अवकाश कोष इकाई
वालुवाटार, काठमाण्डौ ।

NEPAL RASTRA BANK RETIREMENT FUND

**श्रीमान् कार्यकारी निर्देशकज्यू,**

नेपाल राष्ट्र बैंक
वित्त व्यवस्थापन विभाग
वालुवाटार, काठमाण्डौ ।

बिषय : नेपाल राष्ट्र बैंक उपदान तथा पेन्सन कोषमा लगानी सम्बन्धी फारम ।

महोदय,

त्यस बैंकको विभिन्न कोषहरुमा रहेको रकम बैंक तथा वित्तीय संस्थामा लगानी गर्ने सम्बन्धमा तँहाबाट मिति ................ मा भएको आह्वान बमोजिम तपसिलमा उल्लिखित सबै शर्तहरु यस बैंक/विकास बैंक /वित्त कम्पनीले पूरा गरेको घोषणा गर्दै देहायको तालिकामा उल्लेख भए बमोजिमको ब्याजदरमा रकम लिन इच्छुक भएकोले सोही प्रयोजनका लागि यो प्रस्ताव पेश गरका छौं ।

| **क्र.सं.** | **प्रस्तावित ब्याजदर** | **अवधि** | **लिन चाहेको रकम (रु.लाखमा)** | |
|---|---|---|---|---|
| | | | **न्यूनतम** | **अधिकतम** |
| | | | ५० | |

( अक्षरेपी ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...)

२०..... साल ....................महिनाको वित्तीय सूचकाङ्क यस प्रकार रहेको छ ।

| **क्र.सं.** | **विवरण** | **वित्तीय सूचकाङ्क** |
|---|---|---|
| १ | पुँजीकोष % | |
| २ | निष्कृय कर्जा % | |
| ३ | खुद तरल सम्पत्ति/स्वदेशी निक्षेप % | |
| ४ | कर्जा/निक्षेप अनुपात % | |
| ५ | रियल स्टेट कर्जा/कुल कर्जा % | |
| ६ | सर्वसाधारणको कुल निक्षेप (रु.) | |
| ७ | चुक्ता पुँजी (रु.) | |
| ८ | नेपाल राष्ट्र बैंकको बैंकिङः कार्यालयमा रहेको खाता नं. | |

संस्थाको आधिकारिक पदाधिकारीको,

दस्तखत :
नाम :
पद :
संस्थाको नाम :
संस्थाको छाप :

संस्थाको ठेगाना :
इमेल :
फोन नं :
मिति :